# वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, चितवन

## व्यापारिक भवन (Shopping Complex) को भुई तलाका १ वटा कोठा शिलबन्दी प्रस्ताव द्वारा भाडा वढावढमा दिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना तथा शर्तनामाहरु

## दोश्रो पटक प्रकाशित मिति २०८२/०४/०२ गते

यस अस्पताल हाता भित्र रहेको व्यापारिक भवन (सपिङ्ग कम्प्लेक्स) को भुई तलाको तपसिल बमोजिमका १ (एक) वटा कोठा (सटर) भाडामा लगाउनु पर्ने भएकोले उक्त कोठामा अस्पतालले निषेधित गरेको कारोवार वाहेका व्यवसाय तथा सेवा सञ्चालन गर्न इच्छुक **फर्महरु भएमा** सम्बन्धी कम्पनी/फर्म/सप्लायर्सबाट अद्यावधिक गरेको इजाजत प्राप्त प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धिकर प्रमाणपत्र हरुको प्रमाणित प्रतिलिपी वा **व्यक्ति भएमा** नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित फाराम खरिद दस्तुर वापत जम्मा गरेको भौचर संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र शिलवन्दी प्रस्ताव मार्फत आ-आफ्नो प्रस्ताव पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**व्यापारिक भवनको भुई तलाका कोठा (सटर) को विवरण**

| सि.नं. | कोठा नं. | कोठाको साइज | न्यूनतम भाडादर | जमानत रकम | फाराम खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | कोठा नं. - ७ | ११ x २२ बर्ग फिट | 29,428.00 | 30000.00 | 1000.00 |

**नोटः**फाराम खरिद दस्तुर कृषि विकाश वैक भरतपुर शाखाको यस अस्पतालको नाममा रहेको आम्दानी खाता न. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ।

**प्रस्ताव पेश गर्नुपर्ने र पेश गरिसकेपछि पालना गर्नुपर्ने शर्तहरु :**

१. **दररेट भर्नुपर्ने अन्तिम मिति :** दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८२/०४/ ०२ गतेले १५ औं दिन अर्थात २०८२/०४/१६ गतेसम्म कार्यालय समय भित्र शिलवन्दी प्रस्ताव आ-आफ्नो दररेट पेश गरिसक्नु पर्नेछ।

२. **प्रस्ताव पेश गर्ने स्थान र तरिका :** बोलकबोलदाताले कोठा (सटर) हरु भाडा लिन यस अस्पतालको शिलबन्दी प्रस्ताव आ-आफ्नो भाडादरको प्रस्ताव पेश गर्न सकिने छ। सो सम्बन्धमा अन्य आवश्यक जानकारी लिन चाहेमा अस्पतालको ***Website.www.bpkmch.gov.np*** मा वा अस्पतालको खरिद उप-शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने समेत जानकारी गराइन्छ।

३ **Sealed Quotation मार्फत प्रस्ताव पेश गर्दाका शर्तनामाहरु :-**

- शिलबन्दी प्रस्तावमा पेश गर्ने कागजात हरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा अस्पतालमा निर्दिष्ट समयमा उपलब्ध गराउनु पर्नेछ।
- यदि प्रस्तावदाताले पठाएको कागजातहरु झुटा ठहरिएमा त्यस्ता कागजातहरु पठाउने प्रस्तावदाता लाई कालो सुचिमा राख्न सकिनेछ।

४. **प्रस्ताव खोल्ने मिति :** सूचना बमोजिम पर्न आएका प्रस्तावहरु मिति २०८२/०४/१७ गते बिहान १०:०० बजे अस्पतालमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा अस्पताल कार्यालय भरतपुर, चितवनमा खोलिने छ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन। सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै अस्पताल खुल्ने दिन सोही समयमा खोलिनेछ।

५. **कर तथा अन्य दस्तुर :** कोठा भाडामा लिई सकेपछि त्यसमा लाग्ने सामान्य मर्मत तथा विद्युत , धारा महसुल र व्यवसाय गरे वापत नेपाल सरकार तथा अन्य निकायलाई तिर्नुपने कर र भाडादरमा लाग्ने नियमानुसारको

घरवाहलकर सम्बन्धित भाडामा बस्ने व्यक्ति वा संघ संस्थाहरु आफैले बुझाउनु पर्नेछ । नेपाल सरकारको नीति बमोजिम कुनै नयाँ करको व्यवस्था भएमा त्यस्तो कर समेत भाडावाल आफैले व्यहोर्नु पर्नेछ ।

६. **विडबोण्ड :** प्रस्तावदाताले अस्पतालले उल्लेख गरेका कोठाहरु मध्ये इच्छाको कोठाको लागि धरौटी बापतको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा सूचना प्रकाशित अन्तिम मितिबाट कायम हुने गरि नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त 'क' श्रेणीको बाणिज्य बैंकहरुबाट जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको बैंक ग्यारेटीको संलग्न गर्नुपर्नेछ वा यस अस्पतालको कृषि विकाश बैक भरतपुर शाखा को धरौटी खाता न.०५०८६०११७३४७८०१० मा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।

७. **शर्त राख्न नपाईने :** बोलकबोलदाताले कुनै पनि शर्त उल्लेख गरि प्रस्ताव पेश गरेमा त्यस प्रकारको शर्त मान्न अस्पताल बाध्य हुने छैन ।

८. **निम्न लिखित रीत नपुगेको शिलबन्दी प्रस्ताव उपर कारवाही गरिने छैन ।**

(क) प्रस्तावमा कोठाको भाडादर भरी नआएमा ।
(ख) फर्म भएमा स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धिकरमा दर्ता नभएको वा व्यक्ति भएमा नागरिकताको प्रमाणित प्रतिलिपी नभएमा ।
(ग) यो सूचनामा तोकिएको शर्तहरु पुरा नगरको/शर्त पालना भई नआएको ।
(घ) प्रचलित ऐन बमोजिम कार्यहरु गरेको नपाईएमा ।

९. **भाडादर सम्वन्धमा :** स्वीकृत बोल कबोलदाताले आफुले बोलकबोल गरेको कोठा भाडा दरमा कुनै पनि अवस्थामा परिवर्तन गर्न पाउने छैन  र सम्भौता कम्तीमा ५ वर्ष सम्म मान्य हुने छ । त्यस पछि आवश्यकता अनुसार दुई पक्षको सहमतीमा समय थप्दै लान पनि सकिने छ । साथै प्रत्येक दुई वर्षमा ५ प्रतिशतका दरले बृद्धि हुदै जाने छ ।

११. **परफरमेन्स बोण्ड :** स्वीकृत बोलकबोलदाताले प्रस्तावमा बोलकबोल गरेको भाडाको ४ (चार) महिनाले हुन आउने रकम यस अस्पतालको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' श्रेणीको बाणिज्य बैंकहरुबाट यस वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको नाममा जारी गरिएको जमानत पत्र पेश गरि सम्झौता गर्न आउनु पर्नेछ ।

१२. **प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार :** कुनै पनि प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । कथम कदाचित दुई वटा बोलकबोलदाताको कबोल अङ्ग बराबर भएमा दुई पक्ष वीच  गेप्य रुपमा थप रकमको लागि शिलवन्दी पेश गर्न लगाईने छ ।

१३. **सम्झौता गर्नुपर्ने :** प्रस्ताव स्वीकृत भएपछि यस अस्पताल र स्विकृत बोलकबोलदाता वीच कोठा भाडामा दिने/लिने सम्बन्धी दुई पक्षिय सम्झौता गरिने छ र सोही सम्झौताको शर्तनामा बमोजिम बोलकबोलदाताले कोठा भाडामा उपयोग गर्नु पर्नेछ ।

१४. **हर्जाना असूल उपर तथा कारवाही :** स्वीकृत प्रस्तावदाताले स्विकृत प्रस्तावको दररेटमा कोठा उपयोग गर्नुपर्नेछ । सम्झौता बमोजिम कार्य नगरेमा, अस्पतालबाट निशेधित गरेको व्यवस्थाय संचालन गरेमा वा सम्झौतामा उल्लेख भए बमोजिम कोठाभाडा नियमित भुक्तानी नगरेमा वा वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल नियमावली २०७९ बमोजिम कार्यवाही हुनेछ ।

१५. **फर्निचर तथा अन्य व्यवस्था आफै गर्नुपर्ने :** बोलकबोलदातालाई अस्पतालबाट कोठा मात्र उपलब्ध गराईदिनेछ । बोलकबोलदाताले आफुले व्यवसाय गर्नको लागि आवश्यक फर्निचर तथा अन्य सरसामानको व्यवस्था आफै गर्नुपर्नेछ । यस वापत कुनै पनि रकमको दावी गर्न पाइने छैन ।

वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल 2048 BS/1992 AD BPKMCH, NEPAL B.P. KOIRALA MEMORIAL CANCER HOSPITAL



CamScanner

१६. **संरचना तोडफोड गर्न नपाईने** : अस्पतालको उक्त कोठाहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपभोग गर्नुपर्नेछ । उक्त कोठाको पर्खाल तथा छत आदि तोडफोड गर्न पाइने छैन । कोठाको संरचनामा असर नपर्ने गरि पार्टेशन तथा अन्य मर्मत संभार सम्बन्धी कार्य गर्नुपर्ने भएमा यस अस्पतालको स्विकृत लिएर मात्र गर्न सकिनेछ ।

१७. **रंग रोगन आफैन गर्नुपर्ने** : बोलकबोलदाताले कोठामा रंग रोगन सम्बन्धी सम्पूर्ण कार्य आफै गर्नुपर्नेछ । यस वापत छुट्टै रकमको दावी गर्न पाइने छैन ।

१८. **सम्झौता समाप्त भएपछि कोठा बुझाउने सम्बन्धमा** : बोलकबोलदाताले सम्झौता बमोजिम कोठा प्रयोग गरे पश्चात सम्झौता अवधी समाप्त भए पश्चात उक्त कोठाहरु अस्पताललाई अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ । कोठा फिर्ता गर्दा यस अब्स्पतालका  जनरल मेन्टिनेन्स शाखाका प्राविधिकहरुले निरिक्षण/अवलोकन गरि कोठा फिर्ता लिन उपर्युक्त अवस्थामा रहेको भनी प्रमाणित भए पश्चात मात्र अस्पतालले कोठा फिर्ता लिने छ अन्यथा भत्के टुटे फुटेको अवस्था भेटिएमा मर्मत संभार गर्दा आवश्यक खर्च सोही प्रस्तावदाताको धरौटीबाट कट्टा गरि कोठा फिर्ता  लिइनेछ । यस सम्बन्धमा बोलकबोलदाताले कुनै उजुर वाजुर गर्न पाइने छैन ।

१९ अन्य शर्तहरु

(क) कोठामा ग्यांस, चुलो आदि वाल्न पाइने छैन तर चिया, कफि बनाउने इलेक्ट्रिक मेशिन प्रयोग गर्न वाधा गरिने छैन ।

(ख) कोठामा खपत भएको विजुलीको विल बमोजिमको रकम प्रत्येक महिना अस्पताल इन्जिनियरिङ्ग विभाग मार्फत आर्थिक प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

(ग) नियमित रुपमा प्रत्येक महिनाको भाडा वापतको रकम हरेक महिनाको ७ गते भित्र बुझाउनु पर्नेछ, आठौ दिनदेखि उक्त महिनासम्म १० प्रतिशत, अर्को महिनामा २० प्रतिशतले विलम्ब शुल्क सहित असुल उपर गरिनेछ ।

(घ) कोठामा धुम्रपान, मद्यपान तथा अस्पतालले निशेधित गरेको कुनै पनि व्यापार व्यवसाय गर्न पाइने छैन ।

(ङ) कोठा अगाडिको भागबाट पछाडीको बाटो हुँदै आवात जावत गर्न वन्देज गर्नुपर्नेछ । अन्यथा सुरक्षाको जिम्मेवार बोलकबोलदाता स्वयं नै हुनेछ ।

(च) कोठा परिसरको सरसफाईको व्यवस्था आफै गर्नुपर्नेछ । फोहोरजन्य वस्तुहरु कोठा वरिपरि फाल्न, राख्न पाइनेछैन ।

२०. माथि उल्लेख नभएको शर्तहरुको हकमा वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल खरिद नियमावली २०७९ बमोजिम र नेपाल सरकार सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

२१. **विविध :** कुनै पनि प्रस्ताव स्वीकृत, अस्वीकृत गर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहने छ । यस सूचना, शर्तनामा तथा सम्झौता सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा अस्पतालको निर्णय नै अन्तिम निर्णय हुनेछ ।



CamScanner

मिति : २०८२/०४/

श्रीमान कार्यकारी निर्देशक ज्यू
बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर, चितवन ।

विषय : **व्यापारिक भवनको भुई तलाको कोठा नं. .. सम्बन्धि प्रस्ताव पेश गरेको बारे ।**

महोदय,

त्यस अस्पतालबाट मिति २०८२/०४/०२ गते दोश्रो पटक प्रकाशित अस्पतालको व्यापारिक भवन (सपिङ्ग कम्प्लेक्स) को भुई तलाको कोठाहरु शिलबन्दी प्रस्ताव द्वारा भाडा वडावडमा दिने सम्बन्धि प्रकाशित सूचना तथा सूचनाका शर्तहरु अनुसार आवश्यक जमानत वापतको रकम रु. ................ (अक्षरेपी ............................................... बैंकको .................... नं. खातामा जम्मा गरी बैंक भौचर/जमानतपत्र .................. ले त्यस अस्पतालको नाममा जारी गरेको रकम रु. ...................... को बैंक जमानत पत्र यसैसाथ संलग्न गरी अन्य आवश्यक कागजातहरु संलग्न राखी, प्रस्ताव फाराम भरी, पेश गरेको व्यहोरा निवेदन गर्दछु/गर्दछौं ।

यो प्रस्तावको निवेदन रीतपूर्वक, सूचनाका शर्त अनुसार नरहेको अवस्थामा रद्ध हुने व्यहोरा निवेदकलाई जानकारी रहेको अवगत गराउदछु/गराउदछौं ।

फर्म/कम्पनीको छाप :

फर्म/कम्पनीको नाम :
प्रोप्राइटर नाम :
ठेगाना :
फोन नं. :
फ्याक्स नं. :

भवदीय
नाम थर :
स्थायी ठेगाना :
फोन नं. :
फ्याक्स नं. :
हस्ताक्षर :

प्रस्ताव सम्बन्धी कागजात तथा प्रकृयामा प्रतिनिधि भै हस्ताक्षर गर्ने व्यक्तिको :
नाम थर :
हस्ताक्षर :

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल 2049 BS/1992 AD BPKMCH, NEPAL B.P. KOIRALA MEMORIAL CANCER HOSPITAL

Proposal Sarthanama (Shopping Complex Room No.7 )

CamScanner